Transport for NSW

# सडक सुरक्षा




## विद्यालय आसपासमा सुरक्षित रूपमा गाडी चलाउने र बिसाउने

स्कूल वरिपरी स्कूल दिनको शुरुवात र अन्त्यका समयहरू  व्यस्त समयहरू हुन्। त्यसकारण तपाईंले 40km/h भएका स्कूल क्षेत्रहरूमा थप होस पुर्याउनु आवश्यक छ।

**सुरक्षित रूपमा सवारी चलाउनुहोस्**

- स्कूल क्षेत्रमा 40km/h मा गति सिमित गर्नुहोस् र बाटो काट्ने ठाँउहरूका बारेमा सचेत रहनुहोस्।
- सुपरिवेक्षण गरिएको क्रसिंगमा, स्कूल क्रसिंग सुपरभाइजरको निर्देशनहरू पालना गर्नुहोस्। उनीहरूले ट्राफिक व्यवस्थापन गर्न मद्दत गर्छन् र बालबालिकाहरूलाई विद्यालयको नजिक र बाहिरका सडकहरूमा बाटो काट्न मद्दत गर्छन्।
- सँधै पैदल यात्रीहरूलाई बाटो दिनुहोस् विशेष गरी यदि तपाईं ड्राइभवेबाट सडकमा प्रवेश गर्दै वा सडक छोडेर भित्र पस्दै हुनुहुन्छ भने।

**कानूनको पालना गर्दै सुरक्षित रूपमा पार्क गर्नुहोस्**

- बच्चाहरूको सुरक्षालाई ध्यानमा राखेर पार्किङ संकेतहरू बनाइएको हुन्छ।
- सुरक्षित र कानुनी रूपमा पार्क गर्नुहोस्, यदि यसको मतलब स्कूलको गेटसम्म पुग्न केहि हिड्नु परेपनि।
- सधैं विद्यालय वरिपरि कानुनी रूपमा गाडी मोड्नुहोस् र पार्क गर्नुहोस्। यू - टर्न र थ्री - पोइन्ट टर्न खतरनाक हुन्छन्।
- बच्चाहरूलाई जोखिममा पार्ने भएकाले पहिले नै पार्क गरिएको गाडीसँग डबल पार्क नगर्नुहोस्।
- बस क्षेत्र वा स्कूल बस बस्ने ठाँउमा कहिल्यै पार्क नगर्नुहोस्।
- स्कूल ड्राइभवे वा स्कूल कार पार्कको प्रवेशद्वारमा बाटो छेकेर पार्क नगर्नुहोस्।
- तपाईंको बच्चाले गाडी भित्र र बाहिर जानको लागि ‘सुरक्षा ढोका’ (पछाडिको सडक किनार तर्फको ढोका) प्रयोग गरेको निश्चित गर्नुहोस्।
- तपाईंको बच्चाको लागि सुरक्षित र विचारशील व्यवहारको नमूना प्रदर्शन गर्नुहोस् – उनीहरूले तपाईंबाट सिक्छन्।
- तपाईंको स्कूलले सुझाएको बच्चा झार्ने र चढाउने क्षेत्र प्रयोग गर्नु सधैं राम्रो विचार हो । यसले सबै बच्चाहरूलाई स्कूल दिनको व्यस्त समयमा सकेसम्म सुरक्षित राख्न मद्दत गर्नेछ।

**बच्चाहरूले तपाईंबाट सुरक्षित सडक प्रयोगकर्ता बानीहरू सिक्छन् र एक्लै यात्रा गर्न सक्ने उमेर पुगेपछि पनि ती बानीहरूलाई जारी राख्नेछन्।**

सडकको वातावरणमा बच्चाहरूलाई सुरक्षित राख्ने बारेमा थप जानकारीको लागि **safetytown.com.au** मा families (परिवार) सेक्सनमा जानुहोस्।

स्टक कोड 45095275 जुन 2024 © NSW को लागि यातायात

NSW सडकमा धेरैले ज्यान गुमाए।
**हाम्रो लक्ष्य शून्य हो।**

NSW GOVERNMENT

TOWARDS ZERO